# स्थानीय राजपत्र

**केरावारी गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड ७, संख्या ०१, १९ वैशाख २०८०**


**भाग-२**

# नदिजन्य पदार्थ अमानतमा विक्री तथा व्यवस्थापन कार्यविधि, २०८०

**कार्यपालिकावाट स्वीकृत मितिः २०८०।०१।१९**

**प्रमाणिकरण मितिः२०८०।०१।१९**

केराबारी गाउँपालिका क्षेत्रवाट नदीजन्य पदार्थको संकलन उत्खनन तथा विक्री गर्नलाई ठेक्का व्यवस्थापन हुन नसकेको अवस्थामा कार्यालयले अमानतमा आन्तरिक जनशक्तिको माध्यमवाट नदीजन्य पदार्थको विक्री गरी आन्तरिक आय संकलनलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को खण्ड ९ 'घ' को १ तथा केराबारी गाउँपालिकाको वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन २०७६ को दफा ५७ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी केराबारी गाउकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** १) यस कार्यविधिको नाम "नदीजन्य पदार्थ अमानतमा विक्री तथा व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ ।

२) यो कार्यविधि स्वीकृत भएपश्चात तुरुन्तै लागुहुनेछ ।

२. **परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा कार्यविधिमा,

क. **ऐन** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ ।

ख. **"मापदण्ड"** भन्नाले ढुंगा, गिट्टी, वालुवा उत्खनन विक्री तथा व्यवस्थापन सम्वन्धि मापदण्ड, २०७७ सम्झनुपर्छ ।

ग. "**कार्यविधि**" भन्नाले" केराबारी गाउँपालिकाको नदीजन्य पदार्थ अमानतमा विक्री तथा व्यवस्थापन सम्वन्धि कार्यविधि, २०८०" सम्झनुपर्छ ।

घ. **"नदीजन्य पदार्थ"** भन्नाले "उत्खनन गर्न अनुमति भएका खोला/नदी वगर वा खानी क्षेत्रवाट संलकन र उत्खनन गर्दा निस्कने ढुंगा, गिट्टी, वालुवा, मिस्कट, पाँगो" सम्झनुपर्छ ।

ङ. **"गाउँपालिका"** भन्नाले केरावारी गाउँपालिका सम्झनुपर्छ ।

च. "**अध्यक्ष"** भन्नाले "केरावारी गाउँपालिकाको अध्यक्ष" सम्झनुपर्छ ।

छ. **"कार्यपालिका"** भन्नाले "केरावारी गाउँपालिकाको गाउँ कार्यपालिका" सम्झनुपर्छ ।

ज. **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले "केरावारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत" सम्झनुपर्छ ।

झ. **"अनुगमन समिति"** भन्नाले कार्यविधिको दफा ७ वमोजिमको अनुगमन समिति सम्झनुपर्छ ।

ञ. **"कर्मचारी"** भन्नाले केरावारी गाउँ कार्यपालिकावाट मासिक रुपमा तलव भत्ता वा दैनिक ज्याला पाउने गरि नियुक्त स्थायी, अस्थायी, करार तथा दैनिक ज्यालादारी कर्मचारीलाई सम्झनुपर्छ ।

ट. **"समिति"** भन्नाले दफा ६ वमोजिम गठित "नदीजन्य पदार्थ अमानतमा संकलन तथा विक्री व्यवस्थापन समिति" सम्झनुपर्छ ।

ठ. "**अध्ययन प्रतिवेदन"** भन्नाले "केराबारी गाउँपालिकावाट नदीजन्य पदार्थको उत्खनन गर्न अध्ययन गरेको एंव कार्यपालिकावाट स्वीकृत प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन" सम्झनुपर्छ ।

ड. **"खरिदकर्ता**" भन्नाले "यस कार्यविधि वमोजिम नदीजन्य पदार्थ खरिदको प्रकियामा निवेदन दिने मु.अ.करमा दर्ता भएका क्रसर उद्योग, निर्माण व्यवसायी वा फर्म" सम्झनुपर्छ

ढ. **"अन्य खरिदकर्ता" भन्नाले "**खण्ड 'ङ' मा उल्लेख भएको 'खरिदकर्ता' भन्दा वाहेकका खरिदकर्ता" सम्झनुपर्छ ।

३. **अमानतमा विक्री तथा व्यवस्थापनः** १. नदीजन्य पदार्थ उत्खनन संकलन तथा विक्री मूल्य असुली सम्वन्धि ठेक्का व्यवस्थापन कार्यविधि, २०७८ (संशोधन २०७९ सहित) वमोजिम कम्तिमा ३ पटक सूचना प्रकाशन गर्दा समेत ठेक्का वन्दोवस्त हुन नसकेको अवस्थामा कार्यपालिकाको निर्णय वमोजिम कर्मचारी परिचालन गरी अमानतमा नदीजन्य पदार्थको संकलन तथा विक्री गर्न सकिनेछ ।

४. यस कार्यविधि वमोजिम अमानतमा नदीजन्य पदार्थ संकलन तथा विक्री गर्दा अध्ययन प्रतिवेदनले तोकेको परिमाणको वढीमा पचहत्तर प्रतिशतसम्म मात्र संकलन तथा विक्री गर्न सकिनेछ ।

५. अमानतमा विक्री तथा व्यवस्थापन गर्नुपूर्व देहाय वमोजिम गर्नुपर्नेछ ।

   १. अध्ययन प्रतिवेदनले तोकेको परिमाणको पचहत्तर प्रतिशतले हुन आउने परिमाण प्रत्येक खोला/नदी वगर क्षेत्रमा छुट्टाछुट्टै एकिन गर्नुपर्नेछ ।

   २. अमानतमा विक्री एवं व्यवस्थापन गर्दा इच्छुक खरिदकर्ता वा अन्य खरिदकर्तासँग सिधै वार्ताद्वारा वा सूचनाद्वारा निवेदन माग गर्नुपर्नेछ ।

   ३. सार्वजनिक सूचनाद्वारा निवेदन आह्वान गर्दा दफा ६ वमोजिमको समितिले निर्णय गरी कार्यालयको सूचनापाटीमा सार्वजनिक सूचना प्रकाशित गर्नुपर्नेछ।

६. केराबारी गाउँपालिकामा नदीजन्य पदार्थ संकलन तथा बिक्री व्यवस्थापन सम्वन्धमा आवश्यक निर्णय गर्न गाउँपालिकाका उपाध्यक्षको संयोजकत्वमा देहायका सदस्य भएको नदीजन्य पदार्थ अमानतमा संकलन तथा विक्री व्यवस्थापन समिति रहनेछ ।

   क. उपाध्यक्ष — संयोजक

ख. कार्यपालिका सदस्यहरुमध्येवाट अध्यक्षले तोकेको १ जना सदस्य

ग. बन, वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक सदस्य

घ. कार्यपालिका सदस्यहरुमध्ये संयोजकले तोकेको १ जना सदस्य

ङ. राजस्व शाखा प्रमुख सचिव

समितिले आवश्यकतानुसार जनप्रतिनिधि/कर्मचारी कर्मचारीहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

७. समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ

क. बिक्रीको सूचना आव्हान गर्ने ।

ख. प्राप्त निवेदन उपर छलफल गरी निवेदनकहरुलाई के, कति परिमाणमा बिक्री गर्ने भन्ने सम्वन्धमा आवश्यक निर्णय गर्ने ।

ग. नदीजन्य पदार्थ संकलन तथा बिक्रीको समय तालिका निर्धारण गर्ने ।

घ. खरिदका लागि निवेदन प्राप्त भएको अवस्थामा आवश्यक निर्णय गर्ने ।

ङ. नदीजन्य पदार्थ संकलनका लागि औजार, उपकरण संचालनको सम्वन्धमा आवश्यक निर्णय गर्ने ।

च. नदीजन्य पदार्थ संकलन तथा विक्री कार्यको प्रतिवेदन दैनिक रुपमा अध्यक्षलाई पेश गर्ने।

छ. नदीजन्य पदार्थ उत्खनन, संकलन तथा विक्रीको कार्यलाई थप व्यवस्थित गर्न अन्य आवश्यक निर्णय गर्ने ।

८. **खरिद रकम जम्मा गर्नुपर्नेः** १) खरिदकर्ता र अन्य खरिदकर्ताले एक लाखभन्दा वढी रकम वराबरको परिमाण खरिद गर्नका लागि कार्यालयले तोकेको वैक र खातामा अग्रिम रकम जम्मा गर्नुपर्नेछ ।

तर अन्य खरिदकर्तालाई उत्खननको समय र अवधिमा नदिजन्य पदार्थको उत्खनन तथा विक्री गर्न तोकिएको नदीक्षेत्रवाट तोकेको शुल्क लिई कम्तिमा तीन घनमिटरभन्दा नघट्ने गरी विक्री गर्न वाधा पर्नेछैन ।

२) उपदफा १ अनसार रकम जम्मा गर्ने खरिदकर्तालाई कार्यालयले उपलव्ध गराएको अनुसूचि-१ वमोजिम ढाँचा कुपनका आधार विक्रीस्थलवाट नदीजन्य पदार्थ उपलव्ध गराउनुपर्नेछ ।

९. **उत्खनन् वा संकलनको लागि क्षेत्र निर्धारणः** समितिको निर्णय वमोजिम आवश्यकता अनुसार नदिजन्य पदार्थको संकलन उत्खननका लागि यसरी उत्खनन, संकलन गरिने नदिको स्थानको लम्वाई, चौडाइ तथा गहिराई सहितको चार किल्ला निर्धारण गर्नुपर्नेछ।

१०. **उत्खनन वा संकलनको समय, प्रयोग गर्ने साधनः** उत्खननको दैनिक समय, अवधि र प्रयोग गर्ने साधन समितिले तोके अनुसार हुनेछ ।

११. **संकलन गर्ने माध्यम, हेभी इक्यूपमेण्ट प्रयोग तथा सञ्चालनः** नदी खोलाजन्य पदार्थको संकलन तथा उत्खनन् गर्न तोकिएको क्षेत्रवाट उत्खनन् गर्दा देहाय बमोजिम गर्नुपर्नेछ ।

१. १ लाखसम्मको परिमाण खरिदमा मानिसद्वारा बेल्चा लगायतका घरेलु साधनको प्रयोग गरी गर्नुपर्ने ।हेभी इक्युपमेन्ट प्रयोग गर्न पाइनेछैन ।

२. १ लाख भन्दा माथिको परिमाण खरिदमा दफा ७(ङ) बमोजिमको निर्णय समेतको आधारमा सम्बन्धित खरिदकर्ता आफैले हेभी इक्युपमेन्ट प्रयोग गर्नुपर्ने ।

३. उपदाफा १ र २ बमोजिम संकलन गर्दा अनुगमन समिति र कर्मचारीको प्रत्यक्ष निगरानी, निर्देशन र नियन्त्रणमा गर्नु पर्ने ।

४. प्रयोग गर्नुपर्ने हेभी मेसिनरी उपकरणको विवरण जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालयमा पत्रचार गरी जानकारी गराउनु पर्नेछ ।

१२. **कर्मचारी परिचालन एंव व्यवस्थापन र नगदि रसिद व्यवस्थापनः** उत्खनन गर्ने नदि क्षेत्रमा कर्मचारीको नियमित उपस्थितिमा परिमाण खुल्ने गरि तेरिज राख्ने, नगदी रसिद जारी गर्ने र खरिदकर्ताले वुझाएको रकमसम्मको परिमाण लैजानका लागि दिनुपर्नेछ ।

१३. **अनुगमन समितिः** १) कार्यविधि वमोजिमको प्रक्रियावाट नदिजन्य पदार्थको संकलन तथा विक्री गर्न गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा देहाय वमोजिम सदस्य रहेको अनुगमन समिति रहनेछ।

**क.** गाउँपालिका अध्यक्ष- संयोजक

ख. राष्ट्रिय मान्यता प्राप्त राजनितिक दलको केराबारी गाउँपालिकाका १/१ जना प्रतिनिधि- सदस्य

ग. केराबारी व्यापार संघका प्रतिनिधि- सदस्य

घ. इलाका प्रहरी कार्यालय प्रमुख- सदस्य

ङ कर्मचारी प्रशासन हेर्ने कर्मचारी १ सचिव

यस समितिद्वारा नियमित अनुगमन गरी कार्यालयमा प्रतिवेदन गर्नुपर्नेछ ।

१४. **अनुगमन समितिको काम कर्तव्य अधिकारः** अनुगमन समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ ।

१. उत्खननको स्थलगत अनुगमन गर्ने ।

२. खरिद तथा विक्री व्यवस्थापनको सम्वन्धमा आवश्यक राय सुझाव दिने ।

३. नदीजन्य पदार्थको विक्री वितरणको क्रममा कार्यविधि र अन्य प्रचलित कानुनको पालना गर्न गराउन सहजिकरण गर्ने ।

**१५. सुरक्षा व्यवस्था तथा जनशक्ति परिचालनः १.** नदीजन्य पदार्थको उत्खनन विक्रीको कार्यलाई व्यवस्थापन एंव सहज वनाउन नगर प्रहरी परिचालन गर्नुपर्नेछ । उक्त कार्यलाई थप व्यवस्थित गर्न स्थानीय प्रहरी प्रशासनको सहयोग आवश्यक भएमा समितिले सहयोग माग गर्नसक्नेछ ।

२. उपदफा १ वमोजिम स्थानीय प्रहरीको सहयोग माग गरिएको अवस्थामा स्थानीय प्रहरी प्रशासनले सहयोग उपलव्ध गर्नुपर्नेछ ।

३. नदीजन्य पदार्थ संकलनका लागि कार्यालयमा नियमित कर्मचारी खटाउनुपर्नेछ । उपलव्ध कर्मचारी प्रर्याप्त नभएमा थप कर्मचारीको व्यवस्थापन समितिको सिफारिसमा कार्यालयले गर्नुपर्नेछ ।

४. उपदफा १ र ३ वमोजिम परिचालन गरिएका जनशक्ति र समिति, अनुगमन समितिका पदाधिकारीलाई आवश्यक सेवा सुविधा समितिले तोके वमोजिम कार्यालयले उपलव्ध गराउनुपर्नेछ ।

**१६. संकलन विक्री वितरणको लगतः** कर्मचारीले नदीजन्य पदार्थ संकलन तथा विक्रीको लगत अनुसूचि-२ वमोजिमको ढाँचामा दैनिक रुपमा राख्नुपर्नेछ ।

१६.**अनुगमन प्रतिवेदनका विषयः** अनुगमन समितिवाट हुने अनुगमनमा देहाय वमोजिमको विषय प्रतिवेदनमा समावेश गरि पेश गर्नुपर्नेछ ।

१. अनुगमन मिति समय र अनुगमनका वेला भएको उपस्थिति ।

२. अनुगमन गर्दा खटिएका कर्मचारी र तिनको विवरण ।

३. अनुगमनका क्रममा प्रयोग भएका सवारी मेसिन संख्या ।

४. अध्ययन प्रतिवेदनले तोकेको परिमाण र क्षेत्रभित्रवाट नदीजन्य पदार्थ उत्खनन भए /नभएको ।
५. गाउँपालिकाले तोकेको चारकिल्ला भित्रवाट उत्खनन् तथा विक्री भए नभएको ।
६. स्थानीय प्रहरी प्रशासनको उपस्थिति र परिचालनको अवस्था ।
७. खटिएका कर्मचारी काटेको नगदि विल तथा राखेको विक्रीसम्वन्धि तेरिज ।
८. राय, सुझाव
९. सुधार गर्नुपर्ने विषय
१०. अन्य सान्दर्भिक विषय भए ।

## अनुसूची-१

कार्यविधिको दफा ८ (२) वमोजिम

केराबारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, मोरङ

## नदीजन्य पदार्थ संकलन तथा विक्री कुपन

केराबारी गाउँपालिका

गाउँ कार्यपालिकाकोकार्यालय

केराबारी मोरङ कोशी प्रदेश नेपाल

**नदीजन्य पदार्थ संकलन विक्री कुपन**

**कुपन नः** **आ.व. २०७९/०८०**

| खरिदकर्ताको नाम | परिमाण | ढुवानी साधन नं | साधन किसिम | समय र मिति |
|---|---|---|---|---|
| | | | | |

**खरिदकर्ताको सहि** **बुझ्नेको सही** **जारी गर्नेको सही**

## अनुसूची-२

कार्यविधिको दफा १६ वमोजिम

केराबारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, मोरङ

नदीजन्य पदार्थ संकलन तथा विक्री सम्वन्धि तेरिज

| खरिदकर्ताको नाम | रसिद नं | विवरण ( ढुंगा/गिटी /मिक्सगिटि) | परिमाण (घ मी) | गाडिको प्रकार | गाडि नं | समय | रकम रु | रसिद काट्ने को हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | **जम्मा** | | | | | | |

राजस्व शाखा प्राविधिक शाखा संयोजक समिति

**आज्ञाले,**

नवराज कार्की

प्रमुख प्रशासकीय अधिकृत